# मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि, २०७७

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

Scanned with CamScanner

# मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि -२०७७

प्रस्तावना : मनोसामाजिक समस्यामा परेका वन्दीहरुलाई उपचार गर्न तथा अन्य बन्दीहरुलाई सामान्य उपचारका लागि समेत कारागार बाहिर लैजानु पर्ने अवस्थाको न्यूनीकरण गर्न र बन्दीको औषधी उपचारलाई सरल, सहज, पहुँचयोग्य र मितव्ययी बनाउन नख्खु कारागार परिसर भित्र स्थापना भएको मनोसामाजिक अपाङ्ग बन्दी अस्पताललाई व्यवस्थित रुपमा सञ्चालन गर्न कारागार नियमावली, २०२० को नियम ३९ को व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकार गृह मन्त्रालयले "मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि, २०७७" बनाई लागु गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल संचालन कार्यविधि,२०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "अस्पताल" भन्नाले नख्खु कारागार परिसरमा रहेको मनोसामाजिक अपाङ्ग बन्दी अस्पताललाई सम्झनु पर्दछ ।

ख) "ऐन" भन्नाले कारागार ऐन,२०१९ लाई सम्झनु पर्दछ ।

ग) "कारागार" भन्नाले कारागार कार्यालय नख्खुलाई सम्झनु पर्दछ ।

घ) "जेलर" भन्नाले कारागार कार्यालय नख्खुका कारागार प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "नियमावली" भन्नाले कारागार नियमावली, २०२० लाई सम्झनु पर्दछ ।

च) "विभाग" भन्नाले कारागार व्यवस्थापन विभागलाई सम्झनु पर्दछ ।

छ) "बन्दी" भन्नाले कैदी वा थुनुवा सम्झनु पर्छ ।

ज) "मन्त्रालय" भन्नाले गृह मन्त्रालयलाई सम्झनु पर्दछ ।

झ) "मेडिकल अधिकृत" भन्नाले अस्पतालमा कार्यरत स्वास्थ्य सेवाका अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) "मेडिकल सुपरिटेण्डेन्ट" भन्नाले अस्पतालमा कार्यरत स्वास्थ्य प्रमुखलाई सम्झनु पर्दछ ।

ट) "स्वास्थ्य कर्मचारी" भन्नाले अस्पतालमा कार्यरत स्वास्थ्य सेवाका कमचारी तथा कारागार प्रशासनको दरबन्दीमा रहेका स्वास्थ्य सेवाका कर्मचारीलाई समेत सम्झनु पर्दछ ।



Scanned with CamScanner

## परिच्छेद - २

## अस्पताल संचालन र व्यवस्थापन

३. अस्पताल व्यवस्थापन समिति : (१) अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| क) जेलर | - संयोजक |
| ख) मेडिकल सुपरिटेण्डेन्ट | - सदस्य |
| ग) विभागको अधिकृत प्रतिनिधि | - सदस्य |
| घ) जिल्ला प्रशासन कार्यालय ललितपुरको अधिकृत प्रतिनिधि | - सदस्य |
| ङ) अस्पतालको प्रशासन शाखाको अधिकृत वा प्रशासन शाखाको अधिकृत नभएमा मेडिकल सुपरिटेण्डेन्टले तोकेको मेडिकल अधिकृत | - सदस्य सचिव |

(२) विभागको महानिर्देशक अस्पतालको संरक्षक रहनेछ ।

(३) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ :

क) अस्पतालको लागि आवश्यक पर्ने औषधी तथा उपकरणहरुको सूची तयार गरी व्यवस्थापनमा सहजीकरण गर्ने ।

ख) अस्पतालको नियमित सुपरीवेक्षण गर्ने ।

ग) बन्दीहरुको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाउने ।

घ) अस्पतालले प्रदान गर्ने सेवालाई आधुनिक र विशिष्टीकृत बनाउन आवश्यक समन्वय गर्ने ।

ङ) मन्त्रालय, बिभागबाट दिइएको निर्देशन पालना गर्ने र सोको व्यवस्थापन गर्ने ।

च) अस्पतालको संचालन तथा व्यवस्थापनका अन्य कार्य गर्ने ।

४. जेलरको काम, कर्तब्य र अधिकार : कारागार सम्बन्धी प्रचलित कानूनमा तोकिए बमोजिमको अतिरिक्त जेलरको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बन्दीहरुको उपचारका लागि कारागार, सुरक्षा निकाय र अस्पताल बीच समन्वय गर्ने वा गराउने ।

ख) अस्पतालको संचालनमा देखिएको समस्याको समाधानका लागि पहल तथा समन्वय गर्ने वा गराउने ।

ग) अस्पतालमा उपचारमा प्रयोग हुने औषधी लगायत स्वास्थ्य सामग्रीको आपूर्ति, भण्डारण र वितरणको प्रभावकारी व्यवस्थापन गर्ने वा गराउने ।

घ) अस्पतालको नियमित अनुगमन, निरीक्षण गरी आवश्यकता अनुसार निर्देशन दिने ।

५. मेडिकल सुपरिटेण्डेन्टको काम, कर्तब्य र अधिकार : अन्य प्रचलित कानूनमा उल्लेख भएका अतिरिक्त मेडिकल सुपरिटेण्डेन्टको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :



Scanned with CamScanner

क) अस्पतालको नियमित कार्य संचालन गर्ने वा गराउने ।

ख) अस्पताल भित्रको स्वास्थ्य सेवा र सो सेवा बाहेकका कर्मचारी बीच आवश्यक निर्देशन, नियन्त्रण र समन्वय गरी अस्पताल संचालन गर्ने ।

ग) अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा तथा नियमित बहिरंग सेवा उपलब्ध गर्ने वा गराउने ।

घ) अस्पतालमा प्रयोग हुने औषधी तथा उपकरणको खरीद, आपूर्ति, भण्डारण तथा बितरण गर्ने वा गराउने ।

ङ) अस्पताल भित्र उपचार सम्भव नभए जेलरको समन्वयमा बन्दीको उपचारको लागि अन्य अस्पतालमा रेफर गर्ने र सोको व्यवस्था समेत मिलाउने ।

च) समितिको निर्देशन पालना गर्ने वा गराउने ।

६. <u>कारागार प्रशासन स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको जिम्मेबारी</u> : कारागार प्रशासन स्वास्थ्य सेवामा कार्यरत कर्मचारीको जिम्मेबारी देहाय बमोजिम हुनेछ :

क) नियमित स्वास्थ्य जाँच गराउनुपर्ने बन्दीहरुको पहिचान गर्ने र स्वास्थ्य जाँचको व्यवस्था मिलाउने ।

ख) अस्पतालले रेफर गरेका बिरामीको अन्य सरकारी अस्पतालमा उपचारको प्रबन्ध मिलाउने ।

ग) कारागार प्रशासनले तोकेको स्वास्थ्य सेवा सम्बन्धी जिम्मेबारी निर्वाह गर्ने ।

घ) औषधीको मात्रा, परिमाण हेरी औषधी बितरण गर्ने तथा चिकित्सकको सिफारिस गरे बमोजिम विरामीले प्रयोग गरे वा नगरेको सुपरीवेक्षण गर्ने ।

ङ) बन्दीहरुको स्वास्थ्य सम्बन्धी अभिलेख कारागार ब्यवस्थापन सूचना प्रणाली (PMIS) मा अध्यावधिक गर्ने ।

च) आवश्यकता अनुसार अस्पतालमा सहयोग गर्ने ।

छ) जेलरको निर्देशानुसार अन्य कार्य गर्ने ।

७. <u>स्वास्थ्य नाइकेको जिम्मेबारी</u> : बन्दीको स्वास्थ्य अवस्था हेर्न खटाइएको स्वास्थ्य नाइकेको जिम्मेबारी देहाय बमोजिम हुनेछ :

क) जेलर र कारागार प्रशासनको निर्देशन अनुसार बन्दीहरुको उपचारका लागि सहजीकरण गर्ने ।

ख) अस्पतालमा बन्दीको उपचारको प्रबन्ध गर्न कारागार प्रशासनका स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई सहयोग गर्ने ।

ग) बन्दीको स्वास्थ्य जाँचको अभिलेख राखी आन्तरिक प्रशासन मार्फत कारागार प्रशासनमा प्रतिवेदन गर्ने ।



Scanned with CamScanner

८. <u>स्वास्थ्य परीक्षण र उपचार गर्ने</u> : (१) अस्पतालले बन्दीको स्वास्थ्य परीक्षण र उपचार गर्न देहाय बमोजिम गर्नेछ :

क) कारागार प्रशासनका स्वास्थ्यकर्मीले सिफारिस गरेका बिरामीको उपचार गर्ने वा गराउने ।

ख) उपचार गर्दा मानसिक रोगी, अपाङ्गता भएका, आश्रित नाबालक र जेष्ठ नागरिकलाई प्राथमिकता दिने ।

ग) आकस्मिक सेवा र बहिरंग सेवाको संचालन गर्ने ।

घ) स्वास्थ्य परीक्षण भएका बिरामीहरुलाई आवश्यकता अनुसार औषधी उपलब्ध गराउने ।

ङ) अस्पताल भित्र आबश्यक पर्ने प्रयोगशालाको स्थापना गरी संचालन गर्ने ।

च) अस्पताल भित्र सम्भव नहुने उपचारका लागि कारागार प्रशासनसंग समन्वय गरी सरकारी अस्पतालमा रेफर गर्ने ।

छ) अस्पतालले बन्दीहरुको स्वास्थ्य बिवरण अद्यावधिक गरी सुरक्षित तवरले व्यवस्थापन गर्ने ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य परीक्षण र उपचार गर्दा कारागार प्रशासन र अस्पतालका कर्मचारीको आकस्मिक सेवा बाहेक अन्य अवस्थामा अस्पतालमा बन्दी बाहेकको उपचार गर्न वा गराउन पाइने छैन । त्यस्तो उपचार गराएको पाइएमा प्रचलित कानून बमोजिम विभागीय कारबाही हुने छ ।

९. <u>औषधी खरिद तथा बितरण</u> : अस्पतालले सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित कानुनको अधिनमा रही औषधी खरिद तथा वितरण गर्नु पर्नेछ । मनोसामाजिक अपाङ्गता भएका विरामीहरुको लागि औषधीको प्रबन्ध अस्पताल व्यवस्थापनले गर्नेछ र अन्य बिरामीहरुको औषधीको प्रबन्ध कारागार प्रशासनले गर्नुपर्नेछ ।

१०. <u>अस्पतालको भौतिक पूर्वाधार सुधार तथा सरसफाई</u> : अस्पतालको भौतिक पूर्वाधार सुधार तथा सरसफाईको आवश्यक प्रबन्ध गर्ने वा गराउने दायित्व अस्पताल प्रशासनको हुनेछ ।

११. <u>बिरामीहरुलाई थप पौष्टिक आहार उपलब्ध गराउने</u> : अस्पतालले चिकित्सकको सिफारिस बमोजिम बिरामीहरुलाई थप पौष्टिक आहार (खानेकुरा) उपलब्ध गराउनु पर्नेछ ।

१२. <u>अस्पतालको सुरक्षा</u> : कारागार प्रशासनले अस्पतालको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।



Scanned with CamScanner

## परिच्छेद- ४
## अस्पतालमा कर्मचारीको व्यवस्था, सेवा र सुबिधा

१३. अस्पतालमा कर्मचारीको व्यवस्था : (१) अस्पतालमा आवश्यक स्वास्थ्य तथा प्रशासन सेवा तर्फका कर्मचारीको व्यवस्था नेपाल सरकारले गर्नेछ । स्वीकृत दरबन्दीमा रिक्त रहेको स्वास्थ्य सेवाको पदमा नेपाल सरकारबाट पदपूर्ति नहुँदासम्म तथा कार्यालय सहयोगी, हलुका र हेभी सवारी चालक लगायतको पदमा समितिले कानून बमोजिम करारमा पदपुर्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भएका कर्मचारीले नेपाल सरकारको समान तहमा करार सेवामा नियुक्त भएका कर्मचारीले पाए सरहको सेवा सुविधा पाउनेछन् ।

## परिच्छेद -५
## विविध

१४. अस्पतालको बोर्ड र लेटरप्याड : अस्पतालको बोर्ड र लेटरप्याडको ढाँचा अनुसूची बमोजिमको हुनेछ ।

१५. तालीम कार्यक्रम : विभागको स्वीकृति र कारागार प्रशासनको निर्देशनमा प्रचलित कानूनले व्यवस्था गरे बमोजिम अस्पतालले कर्मचारीहरुको क्षमता बिकासका लागि निजी, सरकारी वा गैर सरकारी क्षेत्रबाट अस्पताल भित्र वा बाहिर संचालन हुने स्वास्थ्यसंग सम्बन्धित तालीम वा चेतनामूलक कार्यक्रम वा अभिमुखिकरण वा बिशेष प्राबिधिक सीप सिकाउने तालीम कार्यक्रम संचालन गर्न वा सहभागी हुन सक्नेछ र यस्तो कार्यक्रम समापन भएपश्चात सोको जानकारी बिभागमा गराउनु पर्नेछ ।

१६. अस्पतालको सम्पति : अस्पताल प्रशासनले चल-अचल सम्पत्तिको संरक्षण गरी सोको अभिलेख राख्नुपर्नेछ ।

१७. निरीक्षण तथा निर्देशन गर्ने : (१) विभाग तथा प्रमुख जिल्ला अधिकारीले वर्षमा कम्तीमा दुई पटक अस्पतालको निरीक्षण गरी निर्देशन दिनुपर्नेछ ।

(२) समिति वा जेलरले आन्तरिक रुपमा अस्पतालको नियमित निरीक्षण गरी निर्देशन दिनुपर्नेछ ।

(३) विभाग वा प्रमुख जिल्ला अधिकारी वा समितिले उपदफा (१) र (२) बमोजिम निरीक्षणका क्रममा दिइएको निर्देशनको पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ ।



Scanned with CamScanner

१८. <u>प्रतिवेदन</u> : (१) समितिले गरेका काम कारवाही तथा निरीक्षणका क्रममा दिइएको निर्देशन सहितको प्रतिवेदन विभागमा पेश गर्नुपर्नेछ ।

(२) अस्पतालले सम्पादन गरेका काम कारवाहीका सम्बन्धमा विभाग तथा कारागारमा मासिक, त्रैमासिक तथा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।



Scanned with CamScanner

अनुसूची

दफा २० सँग सम्बन्धित

नेपाल सरकार

गृह मन्त्रालय

## कारागार व्यवस्थापन बिभाग

# मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल

# नखु, ललितपुर

Scanned with CamScanner